आज मिति २०८० असोज १७ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ३५ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंग बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेम बहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री राम बहादुर डाङ्गी, अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सदस्य सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारिहरु :**

श्री कृष्णप्रसाद शर्मा, अधिकृत छैटौं
श्री अनिल चपाँई, सुचना प्रविधि अधिकृत
श्री कमलसिंह वि क, योजना शाखा
श्री बीर बहादुर चुनारा, कार्यालय सहयोगी
श्री डिलकुमारी राना, कार्यालय सहयोगी

CamScanner

| क.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | खरिद योजना स्वीकृत गर्ने सम्वन्धमा । |
| २. | नदीजन्य पदार्थको बोलपत्र स्वीकृत सम्वन्धमा । |
| ३. | विविध सम्वन्धमा । |

मिति २०८०।०६।१७ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :

**प्रस्ताव नं. ०१ : खरिद योजना स्वीकृत गर्ने सम्वन्धमा ।**

**निर्णय नं. ०१ :** यस भेरीगगा नगरपालिकाको आ.ब. २०८०।०८१ को बार्षिक खरिद योजनामा ब्यापक छलफल गरियो साथै उक्त बार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०२ : नदीजन्य पदार्थको बोलपत्र स्वीकृत सम्वन्धमा ।**

**निर्णय नं. ०२ :** भेरीगंगा नगरपालिकाको नदीजन्य पदार्थहरुको उत्खनन् तथा विक्रि वितरणको लागि मिति २०८०।०५।०८ गते बिधुतिय माध्यमबाट बढिबढाउको बोलपत्र आह्वान गरिएकोमा मिति २०८०।०६।०७ गतेसम्ममा पेश भएका फर्म खोली हेरी मुचुल्का गर्दा एक मात्र फर्मले बोलपत्र पेश गरेको र रु ६८९६००४।११ भ्याट सहित कबोल गरेको हुदा सारभुत रुपमा प्रभावकारी रहेको हुदा बोलपत्र दाता श्री हिमाल कन्सट्रक्सन चामुन्डा बिन्द्रासैनी दैलेखलाइ स्वीकृत गरी आशयको सुचना गर्ने र ठेक्का सम्झौता प्रक्रिया अघि बढाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०३ : विविघ सम्वन्धमा ।**

**निर्णय नं. ०३ (क) :** यस नगरपालिकाका अब्यवस्थित बसोबासी भूमीहिन सुकुम्वासी तथा भूमीहिन दलितहरुलाई जग्गा वितरणको कार्यलाई तिव्रता दिनका लागि यस अघि सोही कार्यक्रममा खटिएका भेरीगंगा नगरपालिका ४ सुर्खेतका श्री रामबहादुर खत्री र भेरीगंगा ८ सुर्खेतका श्री सुनिल बुढाथोकीलाई दैनिक ज्यालादारी सेवामा अमिन पदमा नियुक्ति गरी सेवा खरिद गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ०३ (ख) :** भेरीगंगा नगरपालिकाका हालसालै अवकास हुनुभएका पुर्व कर्मचारी श्री लालबहादुर खड्का जटिल रुपमा विरामी भई काठमांडौमा उपचाररत रहेको र नीजको पारिवारिक आर्थिक अवस्था समेत कमजोर रहेकोले शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचार खर्च स्वरुप प्रशासनिक खर्चको विविध खर्च शीर्षकवाट रु १००००० एक लाख मात्र आर्थिक सहयोग गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

CamScanner